पोखरा उपत्यका साइडसिन घुम्न जाउँ
घुमाउने ठाउँहरु
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ९५ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०८२ बैशाख ५ गते शुक्रबार ❑ 18 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारी पोखरामा, बैदेशिक रोजगार बोर्डले तालिम दिने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ बैशाख

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत रहेको वैदेशिक रोजगार बोर्डको सचिवालयको आयोजनामा पोखरामा बिहीबारदेखि दुई दिने रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुका लागि क्षमता अभिवृद्धि कार्यक्रम/गोष्ठी सुरु भएको छ। गण्डकी प्रदेशका ११ जिल्ला सहित लुम्बिनी प्रदेशका दुई जिल्ला गुल्मी र पाल्पाका समेत रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुको सहभागिता रहेको बोर्डले जनाएको छ।



रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार संयोजकहरुलाई बढी प्रभावकारी बनाउदै हरेक टोल देखि वडासम्म विदेशमा गएका, विदेशबाट फर्कियर स्वदेश आएका, जान लागेका सहित विदेशमा विभिन्न ढंगले घाइते तथा अपाङ्ग सहित मृत्युवरण भएकाहरुको समेत उचित ढंगले व्यबस्थापन गर्न उक्त तालिम आयोजना गरिएको वोर्डका कार्यकारी निर्देशक डा. द्वारीका उप्रेतीले बताउनु भयो। उहाँको अध्यक्षतामा भएको उद्घाटन सत्रमा बोल्दै उहाँले बोर्डको काम विभिन्न पालिकामा रहेका फोकल पर्सनले आफ्नो जिम्मेवारीका साथ काम गर्न निर्देशन दिनुभयो।

बैदेशीक रोजगार बोर्डले १६ वटा बिषयमा यस बर्ष २१ हजार जनालाई तालिम दिन लागेको बताउनु भयो । उक्त तालिम प्रभावकारी र सबै क्षेत्रका जनताले लिन सक्ने गरी काम गर्न कर्मचारीलाई उहाँले निर्देशन समेत दिनुभयो । टोल, वडाबाट विभिन्न पालिकाहरुमा भएका तालिमहरुको सिफारिस गर्ने तथा तालिम दिनको लागि प्रोत्साहन गर्न अनुरोध गर्दै निर्देशक डा.उप्रेतीले निर्देशन दिनुभयो। दार्चुलामा कुनै तालिम भए ताप्लेजुङको व्यक्तिले समेत चाहेको अबस्थामा उक्त तालिम लिन सक्ने उहाँले बताउनु भयो।

विदेश जानेहरुको लागि अनिवार्य तालिमको व्यबस्था गर्नुपर्ने उहाँले बताउनु भयो । रोजगार संयोजकले नै अनुगमन, छनौट गर्ने, डकुमेन्टेसन र तालिम व्यबस्थापन गर्ने जिम्मा लिनुपर्ने निर्देशक उप्रेतीको भनाई थियो। अलपत्र परेका झुटा मुद्धा लागेका, घाइते, अपाङ्ग भएका, मानसिक रुपले विछिप्त भएका, एउटा कम्पनीलाई छाडेर अन्य कम्पनीमा गएका, ठुलै दुर्घटनामा परी मृत्युवरण गर्नुपर्ने अबस्थालाई राहत उपलब्ध गराउने, क्षतिपुर्तिको व्यबस्था मिलाउने, उद्धार सहित मुद्धा लड्ने समेत भूमिका रोजगार संयोजको भूमिका हुने उहाको भनाई थियो । पालिकामा प्रभावकारी ढंगबाट वैदेशी रोजगारमा गएका वा फर्किएकाहरुको हकहितमा काम गर्न कर्मचारीलाई सुझाव दिनुभयो । ११४१ मा सम्पर्क गर्दा बैदेशी रोजगार बोर्डको धेरै सूचनाहरु लिन सकिने उहाँले जनाउनु भयो।

श्रम तथा रोजगार कार्यालय पोखराका प्रमुख सुरेस ढकालले धेरै संघ संस्थाहरुमा कार्यरत कर्मचारीहरुले अझै पनि न्यूनतम तलव प्राप्त गर्न नसकेको बताउनु भयो । उहाँले अहिलेको अबस्थामा सामाजिक सुरक्षा कोषमा पनि धेरै संघ संस्थाहरु नगएको दाबी गर्नुभयो। सचिव स्तरिय बैठकले आगामी दिनमा सामाजिक सुरक्षा कोष लागु नभएका कुनै पनि संघ संस्था वा होटल एवं रेष्टुरेण्टहरुमा समेत कुनै काम नगर्न दिएको निर्देशन यस क्षेत्र गण्डकी प्रदेशमा समेत लागु गर्न लागेको प्रमुख ढकालले जनाउनु भयो। २ सय ७० वटा संस्थागत बिद्यालयहरुलाई समय तोकेरै वैशाख मसान्तर भित्र सामाजिक सुरक्षा कोषमा लैजान निर्देशन दिएको उहाँले बताउनु भयो । पोखरा महानगरपालिका भित्रका १ सय ५० वटा संस्थागत बिद्यालयहरुलाई सामाजिक सुरक्षा कोषमा लैजान आग्रह गरेको प्रमुख ढकालले जनाउनु भयो। १ सय ६० वटा सहकारी संस्थाहरुलाई समेत समय तोकेर असार मसान्तर भित्र सामाजिक सुरक्षा कोषमा लैजान परिपत्र गरिएको समेत उहाँले जनाउनु भयो । विभिन्न यातायात प्रालि तथा ८५ वटै पालिकाहरुलाई न्यूनतम पारिश्रमिक कार्यान्वयन नभएको भए कार्वान्वयन गर्न र सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन समेत पत्रचार गरिएको अध्यक्ष ढकालले जनाउनु भयो। उहाँले भन्नुभयो “सामाजिक सुरक्षा कोष बाध्यात्मक अबस्था हो, कानूनि बाध्यता भएकोले परिपत्र समेत भएकोले त्यसको कार्यान्वयन गर्न सामाजिक सुरक्षा कोषमा अनिवार्रुपमा लैजानु पर्छ।” सामाजिक सुरक्षामा जानु पर्ने बताउदै उहाँले न्यूनतम पारिश्रमिक समेत लागु नभएका कुनै पनि संस्थामा सरकारी काम नगर्न सरकारी निकायलाई आग्रह गरिएको छ । केही दिनमा ८५ वटै पालिकामा परिपत्र गरिने भएको छ । बोर्डका कार्यक्रम अधिकृत शिव रेग्मी, वोर्डका शाखा अधिकृत हरि प्रसाद चपाई लगायतले कार्यक्रममा वोल्नु भएको थियो।

## नसर्ने रोगको ‘स्क्रिनिङ’ अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, ४ बैशाख

गण्डकी प्रदेश सरकार र यहाँका स्थानीय तहले नसर्ने रोगको ‘स्क्रिनिङ’ अभियान सुरूआत गरेका छन् । रक्तचाप, मधुमेह, मोटोपना, क्यान्सरलगायत नसर्ने रोगको निदानका लागि समुदायस्तरमा ‘स्क्रिनिङ’ अभियान सञ्चालन गरिएको हो।

प्रदेश स्वास्थ्य निर्देशनालयका महानिर्देशक खिमबहादुर खड्काका अनुसार लमजुङ, गोरखा र मनाङ बाहेक प्रदेशका सबै जिल्लामा पहिलो चरणको ‘स्क्रिनिङ’ शिविर सम्पन्न भइसकेको छ । “स्वास्थ्य मन्त्रालयले नमुना कार्यक्रमका रूपमा जिल्लाको कुनै एउटा स्थानीय तह छनोट गरेर यो अभियान सञ्चालन गरिरहेको छ”, उहाँले भन्नुभयो, “स्थानीय तहले आफ्नै स्रोतसाधन खर्चेर पनि नसर्ने रोगको ‘स्क्रिनिङ’ गर्न सुरू गरेका छन्।”

स्वास्थ्य मन्त्रालयले उक्त कार्यक्रमका लागि चालु आवमा प्रदेश सरकारले रु. एक करोड बजेट विनीयोजन गरेको थियो। प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङका क्षयकुष्ठ निरीक्षक देवप्रकाश घिमिरेले स्वास्थ्य सेवा दिवस, बालमैत्री बागलुङ नगर घोषणा कार्यक्रम र प्रजातन्त्र दिवसका अवसरमा नसर्ने रोगको परीक्षण गरिएको जानकारी दिनुभयो । “पछिल्लो समय नसर्ने रोग प्रकोपकै रूपमा वृद्धि भएकाले स्थानीय तहसँहको सहकार्यमा परीक्षण अभियान सुरू गरिएको छ, सङ्घीय सरकारले पनि यो अभियानलाई प्राथमिकता राखेको छ”, उहाँले भन्नुभयो । निरीक्षक घिमिरेले ‘स्क्रिनिङ’ अभियानका क्रममा १५ प्रतिशत जतिमा उच्च रक्तचापको समस्या देखिएको बताउनुभयो । मधुमेह, मोटोपना आदिका कारण निम्तने स्वास्थ्य समस्या पनि जटिल बन्दै गएको उहाँको भनाइ

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी विश्वविद्यालय मञ्चको अध्यक्षमा सिलवाल

**पोखरापत्र संवाददाता**
पोखरा, ४ बैशाख

गण्डकी विश्वविद्यालयमा आबद्ध प्राध्यापकहरूको बिहीबार भएको भेलाले साझा संगठन ‘ गण्डकी विश्वविद्यालय केन्द्रीय प्राध्यापक मञ्च’ गठन गरेको छ। भेलाले विश्वविद्यालयको कानुन कार्यक्रम संयोजक रविकुमार सिलवालको अध्यक्षतामा कार्यसमिति निर्वाचित गरेको छ।



मञ्चको उपाध्यक्ष रुपेश अधिकारी, सचिव रमेश पौडेल तथा सदस्य जुलु त्रिपाठी र विश्वासराज पौडेल छन् । अध्यक्षमा लीलाराज लोहनीसमेत प्रत्यासी थिए। प्राध्यापक भेलाको बहुमतले सिलवाललाई अध्यक्ष निर्वाचित गरेको हो । गुणस्तरीय शिक्षण, अनुसन्धान, प्राज्ञिक स्वतन्त्रता र पेसागत विकासलाई प्रवर्द्धन गर्ने गरी गण्डकी विश्वविद्यालय केन्द्रीय प्राध्यापक मञ्चको परिकल्पना गरिएको प्राध्यापकहरुले जनाएका छन्। प्राज्ञिक सोच र व्यवहारलाई संस्थागत गर्दै विश्वविद्यालयमा योगदान पुऱ्याउने उद्देश्य मञ्चले राखेको अध्यक्ष सिलवालले जनाए।

## द्वन्द्वकालमा भएका जघन्य अपराधलाई माफी दिन सकिँदैनः प्रधानमन्त्री

**रासस**
काठमाडौं, ४ बैशाख

प्रधानमन्त्री केपी शर्मा ओलीले सङ्क्रमणकालीन न्यायलाई अन्तिम टुङ्गोमा पुऱ्याउँदा द्वन्द्वकालमा भएका अमानवीय र जघन्य अपराधलाई माफी दिन नसकिने स्पष्ट गर्नुभएको छ।

नेपाल भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठनको छैटौँ राष्ट्रिय महाधिवेशनको आज उद्घाटन गर्दै नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट पीडितलाई न्याय दिने गरी कार्यसम्पादन हुने बताउनुभयो । उहाँले ती आयोग गठन प्रक्रियामा अब ढिलाइ नहुने भन्दै अधिनायकवाद परास्त भई लोकतान्त्रिक प्रणालीमा मुलुक गइसकेकाले अब कुनै बहकाउमा लागेर कुनै पनि खालका हत्या, हिंसा, धार्मिक सद्भाव खलबलाउने गतिविधि, अराजकतालगायत कार्य स्वीकार्य नहुने स्पष्ट गर्नुभयो।

“अहिले हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा छौँ । यहाँ जनताका बीचमा गएर प्रतिस्पर्धा गर्न पाइन्छ।


चुनाव जितेर एमालेले एकल सरकार बनाएर विकास र समृद्धिका लागि अभूतपूर्व कामको थालनी गरेका बेला त्यसबाट त्रसित भएर प्रतिक्रियावादीको उक्साहटमा हामीलाई विस्थापित गरियो। अहिले संयुक्त सरकारका रूपमा हामीले काम गरिरहेका छौँ”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “हामीसँग राष्ट्र निर्माण र एकताका इतिहास छन् । हामी समृद्ध र सिङ्गो नेपाल नयाँ पुस्तालाई हस्तान्तरण गर्नेछौँ । हामी सिमाना खुम्चन र राष्ट्रिय स्वाभिमानमा आँच आउन दिनेछैनौँ । हाम्रो सभ्य र सुसंस्कृत समाजलाई कायम राखेर अघि बढ्छौँ।” प्रधानमन्त्री ओलीले विविधतायुक्त मुलकमा सामाजिक सद्भावसहितको राष्ट्रिय एकता आवश्यक भएको बताउँदै एमालेले त्यसको अगुवाइ गरिरहेकाले भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठनले देश र पार्टीप्रति गरेको विश्वासलाई अझ बलियो बनाउनुपर्नेमा जोड दिनुभयो।

अध्यक्ष ओलीले यही वैशाख ११ गते लोकतन्त्र दिवसका दिन एमालेले युवाहरूको सम्मेलन आयोजना गरी जनताको अधिकार र विकासका पक्षमा उत्सव मनाउन आह्वान पनि गर्नुभयो।

**वन वातावरण तथा भू-संरक्षण मन्त्रालय, गण्डकी प्रदेशको अनुरोध**

वर्षा यामको सुरुवातसंगै निरन्तरको वर्षातको कारण पहाडमा भू-क्षय र पहिरो जानसक्ने, तराईमा बाढी, डुवान र कटान हुन सक्ने सम्भावना रहन्छ। यस्ता प्रकोपको कारण वर्षेनी ठूलो संख्यामा मानवीय एवं भौतिक क्षति हुने गरेकोले यस्ता प्रकोप हुन नदिन र भईहालेमा सोबाट पुग्ने मानवीय तथा भौतिक क्षती कम गर्न समयमै उच्च सतर्कता अपनाई वर्षादको पानी एकैठाउमा जम्मा हुन नदिन भल कटाउने, खोल्सिहरुमा चेकड्याम निर्माण गर्ने, भिरालो जमिनमा वृक्षारोपण गर्ने, नदि कटान कम गर्न खोला किनारमा वृक्षारोपण तथा छेकवाध निर्माण गर्ने तथा डुवानको समयमा सुरक्षित रहन उच्च भुभागको खोजि गरिराखे लगायतका जैविक तथा संरचनागत संरक्षणका गतिविधिहरु अपनाई पुर्वतयारी अवस्थामा रहनुहुन सम्वन्धित सबैमा हार्दिक अनुरोध छ।

**अनुरोधक**
**गण्डकी प्रदेश सरकार**



# आरुषी र गृष्मा मनुश्री भिग्नाजित राष्ट्रिय जुनियर टेनिस प्रतियोगिताको फाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, ४ बैशाख



आरुषी तुलाचन र गृष्मा गुरुङ्ग पोखरामा जारी चौंथो मनुश्री भिग्नाजित राष्ट्रिय जुनियर टेनिस प्रतियोगिता अन्तर्गतर यु-१६ गर्ल्स सिंगलको फाइनलमा प्रवेश गरेका छन् ।

बिहीबार भएको सेमिफाइनलमा आरुषीले सरिशा शेरचनलाई ६-४, ३-६ र ६-३ को प्रतिस्पर्धात्मक सेटमा पराजित गर्दै फाइनलमा स्थान बनाइन् । अर्को सेमिफाइनलमा गृष्माले आइसा मेक्लागनलाई ६-३, ६-३ ले पराजित गर्दै फाइनलमा आरुषीसंगको भेट पक्का गरिन् । कास्की जिल्ला टेनिस संघद्वारा आयोजित प्रतियोगितामा यु-१६ ब्वाइज सिंगलतर्फ दर्शिल श्रेष्ठले सूर्यान्स श्रेष्ठलाई ६-२, ६-० ले, आसब सम्राट हाडाले सन्दिप विकलाई ६-२, ६-४ ले तथा सञ्जय रोकायाले प्रफुल्ल श्रेष्ठलाई ६-३, ६-२ ले पराजित गर्दै सेमिफाइनलमा स्थान बनाएका छन् । यु-१४ ब्वाइज सिंगलमा आसब सम्राट हाडाले सुरेन्द्र विकलाई ६-०, ६-१ ले तथा सञ्जय रोकायाले अभिषेक विकलाई ६-०, ६-० ले पराजित गर्दै सेमिफाइनलमा पुगे । यु-१२ ब्वाइज तर्फको क्वाटरफाइलन खेलमा आर्यस राज पौडेलले अभिषेक बयलकोटीलाई ६-०, ६-० ले, बिदान्त चालिसेले नितेस थापालाई ६-०, ६-० ले, आरित मल्लले अनमोल नेपालीलाई ६-१, ६-० ले तथा ओम्युग थापाले सहान्स बस्न्यातलाई ७-५, ६-७ र ६-० को कठिन सेटमा पराजित गर्दै सेमिफाइनलको यात्रा तय गरे । सोही उमेर समुहको गल्सतर्फ सारा पन्तले कुशुम श्रेष्ठलाई ६-०, ६-० ले, थैया श्रेष्ठले ताभिसी ग्लोभान्नीलाई ६-२, ६-२ ले, इरा खत्रीले नाइरा घलेलाई तथा स्वारा थापाले आर्या पौडेललाई ६-२, ६-३ ले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरे । यु-१० ब्वाइज सिंगलमा कायन चालिसेले मार्कब पोखरेललाई ६-४, ६-३ ले पराजित गर्दै फाइनलमा स्थान सुरक्षित पारे । यु-९ ब्वाइज सिंगलफर्त जिवास भट्टराईले सोनम टी घलेलाई ५-४, ४-१ ले पराजित गर्दै सेमिफाइल प्रवेश गर्न सफल भए । दोश्रो दिनका बाँकि खेलहरु वर्षातका कारण स्थगित हुन पुगेको टुर्नामेण्ट डाइरेक्टर कुमार अधिकारीले जानकारी दिए ।



कोरलानाकामा व्यापार : नेपाल र चीनको सिमानामा रहेको कोरलानाकामा चिनियाँ व्यापारीले राखेका पसल । नाका अवलोकन गर्न पुगेका नेपाली पर्यटकलाई लक्षित गर्दै उनिहरुले पसल सञ्चालनमा ल्याएका हुन् । तस्बिर : रासस

# तीनकुने घटनामा सरकारप्रतिको दमन निन्दनीय- राप्रपा नेपाल अध्यक्ष थापा

पोखरापत्र संवाददाता
पोखरा, ४ बैशाख




राप्रपा नेपालका अध्यक्ष कमल थापाले तिनकुने घटनामा सरकारको दमन निन्दनीय भएको बताउनु भएको छ ।

बिहीबार र शुक्रबार पोखरामा विभिन्न कार्यक्रममा सहभागी हुने क्रममा बिहीबार पोखरा आउनु भएको अवसरमा स्वतन्त्र नेपाली नागरिक समाजको रिले अनसनमा ऐक्यवद्धता जनाउँदै उक्त कुरा बताउनु भएको हो ।

राजसंस्था र हिन्दु राष्ट्र स्थापनाको मुद्दा उठाउँदै आउनु भएका अध्यक्ष थापाले जस्तोसुकै संकटकालको अवस्थामा पनि देशमा भइरहेको यो भ्रष्ट अवस्थालाई नफाली देशमा सुशासन कायम हुन नसक्ने बताउँदै यसमा सबैले आ-आफ्नो स्थानबाट साथ र सहयोग गर्नुपर्ने बताउनुभयो । तिनकुने घटनामा सरकारको दमनका कारण घटना घटेको बताउँदै शान्तिपूर्ण आन्दोलनमा सरकारको दमन निन्दनीय रहेको र यसको स्वच्छ छानविनको लागि सरकारसँग जोडदार माग गर्नुभयो ।

साथै उक्त घटनामा पक्राउ परेका राष्ट्रवादी नेता डा.धवल शमशेर राणा, रविन्द्र मिश्र, दुर्गा प्रसाई लगायतका कार्यकर्ताहरुलाई विनाशर्त रिहाइको माग गर्नुभयो ।

# 'केपी ओली कप' राष्ट्रिय क्रिकेट : गण्डकी र काठमाडौँ उपाधिका लागि भिड्ने

पोखरापत्र संवाददाता
पोखरा, ४ बैशाख

पोखरामा सञ्चालन भइरहेको दोस्रो संस्करणको 'केपी ओली कप' टी -२० राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताको उपाधिका लागि गण्डकी हिरोज र सिइसी काठमाडौं भिड्ने भएका छन् ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा जारी प्रतियोगितामा आज वर्षाका कारण पहिलो सेमिफाइनल खेल पाँच ओभरको खेलाइएकामा काठमाडौंले हिमाल फ्रेण्ड्स क्रिकेट एकेडेमीलाई १० रनले पराजित गरी फाइनल प्रवेश गर्न सफल भयो । यसैगरी दोस्रो सेमिफाइनल खेलको पहिलो इनिङ चलिरहँदा वर्षा भएपछि खेलको नतिजा टसबाट गरिएकामा गण्डकी भाग्यमानी बन्दै उपाधि नजिक पुग्न सफल भयो । टस हारेर ब्याटिङको निम्तो पाएको काठमाडौंले पाँच ओभरमा ५७ रन बनाएको थियो । खेलमा जितका लागि ५८ रनको विजयी लक्ष्य पाएको हिमाल फ्रेन्ड्सले पाँच ओभरमा तीन विकेट गुमाउँदै ४७ रनमा समेटियो । ओपनर सुवोध ऐरी १३ रनमा आउट भए । उनले आठ बलमा दुई चौका प्रहार गरे । आसिष तिरुवा १३ रनमा र अयुव चन्द २ रनमा नटआउट रहे । काठमाडौंका लागि मनोज यादवले दुई विकेट लिदाँ युनिश विक्रम सिंह ठकुरीले एक विकेट लिए । काठमाडौंका ओपनर रित गौतमले सर्वाधिक २८ रन बनाए । प्रहार गरे । अर्जुन घर्ती १३ र दीपेन्द्र रावत आठ रनमा नटआउट रहे । टस हारेर ब्याटिङको निम्तो पाएको अत्तरियाले १३ ओभरको तेस्रो बलमा चार विकेट गुमाउँदै एक ४६ रन बनाउँदा वर्षाका कारण खेल रोकिएपछि निर्णय टसबाट गरिएको हो । गत चैत २३ गतेदेखि सुरु भएको प्रतियोगितामा कूल १६ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए । प्रतियोगिताको फाइनल खेल भोली सञ्चालन हुनेछ । च्याम्पियन टोलीले नगद रु १० लाख र उपविजेताले नगद रु पाँच लाखका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यसैगरी 'म्यान अफ दि सिरिज' ले नगद रु ३० हजार, वेष्ट बलर, बेष्ट ब्याटरले जनही नगद रु १० हजारका साथमा ट्रफी प्राप्त गर्ने आयोजक मदन भण्डारी स्पोर्टस् एकेडेमीले जनाएको छ ।

# युआरएलमा सबै जाँचमा ३० प्रतिशत छुट

पोखरापत्र संवाददाता
पोखरा, ४ बैशाख




युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि (युआरएल)ले नयाँ वर्षको उपलक्ष्यमा सबै सेवामा छुट र थाइराइड सित्तैमा जाँच गर्ने योजना सार्वजनिक गरेको छ । गण्डकी प्रदेशको पहिलो र एकमात्र आइएसओ प्रमाणपत्र प्राप्त रेफरेन्स ल्याब युआरएलले वैशाखभर मुख्य कार्यालयसहित १६ वटै शाखाका सबै सेवामा ३० प्रतिशत छुट दिएको छ ।

नयाँ वर्षकै अवसरमा युआरएलको सभागृहचोकमा रहेको मुख्य कार्यालयमा थाइराइडसम्बन्धी रगत जाँच (टिएसएच) सित्तैमा गर्न थालिएको प्रबन्ध निर्देशक गणेशप्रसाद कोइरालाले बताए । युआरएलका पोखरा महानगरमा रहेका शाखाहरु हस्पिटलचोक, विरौटा, शिशुवा, मोहोरिया, बाटुलेचौर, मियाँपाटन र लेकसाइडमा छुट सुविधा उपलब्ध छ । सँगसँगै, नवलपुरको कावासोती, स्याङ्जाका वालिङ र स्याङ्जा, बागलुङ, तनहुँका दमौली, दुलेगौंडा र बेलचौतारा र लमजुङको बेंसीसहर शाखाबाट पनि सेवाग्राहीले छुट पाउनेछन् । युआरएलको रिपोर्टलाई राजधानी र भारतका प्रतिष्ठित अस्पतालहरुले पनि मान्यता दिने गरेका छन् । युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्थ आफैं जाँच गर्न आउनेको संख्या, रिफर आउने नमुनाहरु, प्रयोग भएका प्रविधि, मेसिन र जनशक्तिका आधारमा युआरएल नमुना र अग्रणी ल्याब बनेको उल्लेख गर्छन् । 'हालै हामीले थाइराइड, भिटामिन, निसन्तानसम्बन्धी परीक्षणका लागि नयाँ मेसिन थपेका छौँ । सेवाग्राही र परीक्षणका नमुनाको संख्या बढेकाले कार्यालय विस्तारसँगै कर्मचारी पनि थप गरेका छौँ,' उनले भने, 'हामीले गरेको सामाजिक काम, परीक्षणको मात्रा, रिफर आउने नमुना, सेवाग्राहीको विश्वासले युआरएल अग्रणी र लोकप्रिय ल्याब बनेको छ ।' २०७० सालमा स्थापना भएको युआरएलले गण्डकी प्रदेशका ८ जिल्लामा सेवा विस्वतार गरेको छ । अहिलेसम्म युआरएल आफैं र विभिन्न संघ, संस्थासँग सहकार्य गरी १ सय ९४ वटा निशुल्क रक्त परीक्षण शिविरसँगै सचेतना कार्यक्रम आयोजना भएका छन् । ती शिविरबाट करिब साढे दुई लाखले सेवा लिएका छन् ।

युआरएलमा पाँच सयभन्दा बढी स्वास्थ्य संस्थाबाट परीक्षणका लागि नमुना आउने गरेको र अहिलेसम्म १ हजार २ सयभन्दा बढी चिकित्सकले जाँचका लागि युआरएलमा रिफर गरेको अध्यक्ष पन्थले बताए । विश्वकै प्रतिष्ठित एपोलो हस्पिटलले युआरएललाई गण्डकी प्रदेशका लागि आधिकारिक रिफरल सेन्टरको मान्यता दिएको छ ।

# स्याङ्जाको काल्खुमा ऐतिहासिक मेला जारी

पोखरापत्र संवाददाता
स्याङ्जा, ४ बैशाख



स्याङ्जाको पुतलीबजार नगरपालिका-९ काल्खुमा 'ऐतिहासिक काल्खु मेला' जारी छ ।

जनसम्पर्क युवा क्लबको आयोजनामा गत चैत्र पूर्णिमा( ३० गते) देखि सञ्चालनमा बिहीबार पुरुष भलिबल प्रतियोगितातर्फ पहिलो चरणकै २ खेल सम्पन्न भएको क्लबका अध्यक्ष दिपक रानामगरले जानकारी दिए । उनका अनुसार बिहीबार भएको पहिलो खेलमा लामागाउँले कौढुंगालाई २-० को सोझो सेटमा पराजित गर्यो । पहिलो सेट २५-२० र दोस्रो सेट २५-१७ ले लामागाउँले जित हात पार्यो । यसैगरी दोस्रो खेलमा ओरस्टेले काल्खु पोखरा सम्पर्क मञ्चलाई २-० को सोझो सेटमा हरायो । ओरस्टेले पहिलो सेट २५-२२ र दोस्रो सेट २५-२३ ले जित निकाल्दै ओरस्टे अघिल्लो चरणमा प्रवेश गर्यो । बाँकी खेलहरु प्रतिकुल मौसमका कारण स्थगित भएको क्लबका अध्यक्ष रानामगरले बताए । उनका अनुसार शुक्रबार पनि पहिलो चरणकै खेल हुनेछ । भलिबलको विजेतालाई नगद ८१ हजार रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्रदान गरिनेछ ।

उपविजेता टोलीलाई नगद ४१ हजार रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्रदान गरिनेछ । भने, तृतीय हुने टिमले नगद २१ हजार रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र हात पार्नेछ । सो प्रतियोगिताबाट एउटा टिमलाई अनुशासित टिमको रुपमा नगद रु १२ हजारसहित पुरस्कृत गरिने आयोजकले जनाएको छ । यसअघि मेलामा स्थानीय कला, संस्कृति प्रदर्शनी प्रतियोगिता, कुर्ची दौड तथा खुला नृत्य प्रतियोगिता सम्पन्न भइसकेका छन् । भने, विभिन्न ख्याती प्राप्त लोक तथा दोहोरी कलाकारहरुले सांगीतिक प्रस्तुती दिएका थिए ।

# नसर्ने...

छ । स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले यसअभियानले गण्डकी प्रदेशमा नसर्ने रोगको अवस्था पत्ता लाग्ने बताउनुभयो । उहाँले आगामी आवको बजेट तथा कार्यक्रममा पनि यस अभियानलाई निरन्तरता दिइने बताउनुभयो । "नेपालमा ७१ प्रतिशत मृत्यु नसर्ने रोगका कारण भएको अध्ययनले देखाएको छ", उहाँले भन्नुभयो, "अस्वस्थकर खानपान, जीवनशैली आदिका कारण यस्ता रोगबाट धेरै मानिस आक्रान्त बनेका छन्, यसको समयमै निदान र उपचारको व्यवस्था गर्नुपर्छ ।" उहाँले गाउँगाउँ पुगेर नसर्ने रोगको 'स्क्रिनिङ' गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । स्वास्थ्यमन्त्री पाठकले नागरिकको दैनिकीसँग प्रत्यक्ष जोडिएको स्वास्थ्य क्षेत्रमा सुधार गर्नुपर्ने धेरै विषय रहेको भन्दै नीतिगत प्रबन्धमार्फत तिनको समाधान खोजिने बताउनुभयो । "अस्पताल र स्वास्थ्यसंस्थामा दक्ष जनशक्ति र उपकरणको अभाव छ, कतै जनशक्ति भएका ठाउँमा उपकरण छैन, कतै भएको उपकरण प्रयोगमा ल्याउन सकिएको छैन", उहाँले भन्नुभयो, "यसको मिहिन अध्ययन गरेर मन्त्रालयले नयाँ नीतिगत योजना ल्याउँछ ।"

# मोटरसाइकल दुर्घटनामा एकको मृत्य

पोखरापत्र संवाददाता
पोखरा, ४ बैशाख

पृथ्वीराजमार्गअन्तरगत तनहुँको शुक्लागण्डकी नगरपालिका-४ गल्छिनामा गए राति दुई वटा मोटरसाइकल एकआपसमा ठक्कर खाँदा एकको मृत्यु भएको छभने दुई जना गम्भीर घाइते भएका छन् ।

दुर्घटनामा शुक्लागण्डकी नगरपालिका-३ कवासेका १९ वर्षीय रोमन लम्सालको मृत्यु भएको रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । दुलेगौंडाबाट खैरेनीटारतर्फ आउँदै गरेको लु २४ प २२४७ नम्बरको मोटरसाइकल र खैरेनीटारबाट दुलेगौंडा जाँदै गरेको लु प्र ०१००१ प ५६६८ नम्बरको मोटरसाइकल ठोक्किँदा लु प्र ०१००१ प ५६६८ नम्बरका चालक लम्सालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक अशोक थापाले जानकारी दिनुभयो । उहाँका अनुसार दुर्घटनामा अर्को मोटरसाइकलमा सवार २० वर्षीय सुशान आले र सोही ठाउँका १९ वर्षीय निश्चल गुरुङ गम्भीर घाइते भएका छन् । घाइतेको पोखरास्थित गण्डकी मेडिकल कलेजमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पित्तास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। – गौतम बुद्ध

## सम्पादकीय

# रास्वपा महाधिवेशन फेरि सर्‍यो

करिब ३ वर्षअघि गठन भएको स्वतन्त्र पार्टी (रास्वपा) ले पहिलो महाधिवेशन गर्न सकेको छैन। प्रतिनिधिसभाको चौथो दल रास्वपाले पहिलो महाधिवेशन मिति सारेको छ। बिहीबार पार्टीको केन्द्रीय कार्यालय वनस्थलीमा बसेको केन्द्रीय समिति बैठकले पहिलो महाधिवेशनको नयाँ मिति तोकेको छ। सकारी ठगी प्रकरणमा सभापति रवि लामिछाने जेल गएसँगै रास्वपाको महाधिवेशन वैशाखबाट आगामी फागुनसम्मलाई सारिएको छ। रास्वपा कार्यवाहक सभापति डीपी अर्यालको अध्यक्षतामा बसेको बैठकले नयाँ महाधिवेश मिति तोक्दै २०८२ असोजसम्म वडा अधिवेशन गरिसक्ने निर्णय लिएको छ।

त्यसैगरि कात्तिकसम्म पालिका अधिवेशन, मङ्सिरसम्म जिल्ला अधिवेशन र माघ १५ सम्ममा प्रदेश अधिवेशन सम्पन्न गरिसक्नुपर्ने नयाँ तालिकाले रास्वपाले तय गरेको छ। त्यसपछि आगामी फागुन ७ ८ र ९ गते चितवनमा पहिलो राष्ट्रिय महाधिवेशन गर्ने निर्णय केन्द्रीय समितिले सर्वसम्मतरुपमा गरेको दाबी गरेको छ। यसअघि पहिलो महाधिवेशन यही वैशाख तेस्रो साता गर्ने निर्णय राष्ट्रिय भेलाले गरेको थियो। तर तयारी नपुगेको भन्दै रास्वपाले महाधिवेशन मिति सारेको हो।

सहकारी ठगी आरोप लागेपछि साढे ५ महिनासम्म रवि पार्टी कामबाट बाहिर थिए। तर उच्च अदालत तुलसीपुर बुटवल इजलासले सुप्रिम सहकारी संस्थाको बचत रकम हिनामिना प्रकरणमा गत चैत २२ गते लामिछानेलाई पुर्पक्षको लागि कारागार पठाउने आदेश दियो। चैत १७ गते पार्टी काममा फर्किएका रविलाई उच्च अदालतले जेल पठाउने आदेश दिएसँगै रास्वपाको महाधिवेशन यही वैशाखमा नहुने पक्का भएको थियो। रविको मुद्दामा सर्वोच्च अदालतले आदेश दिन बाँकी छ। यदि सर्वोच्चको आदेशमा रवि छुटेमा फागुनमा हुने महाधिवेशनबाट पनि उनै सभापतिमा दोहोरिने करिब निश्चित छ। तर यदि सर्वोच्चले उच्चको आदेश सदर गरिदिएमा रविको जेल बसाइ लम्बिन सक्छ। रविको पार्टी भनेर चिनिएको रास्वपाले पार्टीलाई संस्थागत रुपमा चलाउन पुराना पार्टीकै जस्तो संरचनामा ढाल्न थालेको छ। रास्वपाले सातै प्रदेशका इन्चार्ज तोकेको छ। बिहीबार बसेको

पार्टीको केन्द्रीय समिति बैठकले प्रदेशका इन्चार्जहरू तोकेको हो। जस अनुसार कोशी प्रदेशमा सन्तोष परियार, मधेश प्रदेशमा मनिष झा, बागमतीमा लिमा अधिकारी, गण्डकी शिशिर खनाल, लुम्बिनीमा विपिन आचार्य, कर्णालीमा गणेश पराजुली र सदूरपश्चिम हरि ढकाल रहेका छन्। प्रदेश चाहिँदैन भनेको रास्वपा पुरानै दलको जस्तै संरचनामा आउनु वल्ल पार्टी बनाउने बाटोमा आएको छ। रास्वपाले सामाजिक संजालमा अनावश्यक गाली गलौज नगर्न र सभ्य र मर्यादामा रहेर सामाजिक संजाल चलाउन आफ्ना कार्यकर्तालाई निर्देशन दिएको छासामाजिक संजालमा अमर्यादित र असभ्य गाली गर्ने काम रास्वपाका सदस्यहरूले गर्दै आएका छन। पछि आफैलाई लज्जित बनाउने काम नगर्न निर्देशन दिनुपर्ने अवस्था आउन सक्छ भनेर सचेत गराउन खोज्नुवल्ल धरातलीय यथार्थमा आउनु हो।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : कार्यमा सफलता |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बढ्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# मालढुङ्गा-बेनी सडक धमाधम स्तरोन्नति हुँदै

पोखरापत्र संवाददाता
बेनी, ४ बैशाख

"तेह्र किलोमिटर लामो मालढुङ्गा-बेनी सडकलाई ११ मिटर फराकिलो बनाएर धमाधम कालोपत्र र ढलान गरिँदैछ।

मालढुङ्गा-बेनी सडक स्तरोन्नति आयोजनाका इञ्जिनियर विष्णु चापागाईले मालढुङ्गातर्फदेखि जलजला गाउँपालिका-८ नाग्लीवाडको फर्सेसम्म पाँच किलोमिटर दुई सय मिटर कालोपत्र भएको, केराबारी-मिलनचोक-लामाखेत खण्डमा थप पाँच किलोमिटर कालोपत्र गर्ने तयारी भएको जानकारी दिनुभयो। करिब दुई किलोमिटर ढलान पनि गरिएको छ। चार वर्षअघि रु ५२ करोड ८६ लाखमा ठेक्का सम्झौता गरेर थालिएको स्तरन्नति नदीजन्य निर्माण सामग्रीको अभावका कारण निर्धारित समयमा पूरा हुन नसकेको उहाँले बताउनुभयो। पर्वतबेनी, मिलनचोक र लस्तीबजार क्षेत्रमा सडकको क्षेत्राधिकारमा पर्ने घरटहरा भत्काउन ढिलाइ हुँदा निर्माण प्रभावित भएको थियो। हालसम्म यो सडकको भौतिक प्रगति ७० प्रतिशत भएको छ। मोहनचोक-लामाखेत-पर्वतबेनी, केराबारी-मिलनचोक खण्डको पाँच किलोमिटर खण्डमा कालोपत्र गर्ने अन्तिम तयारी भएको छ।

# नगरउपप्रमुको तलबभत्ता सामाजिक कार्यमा

पोखरापत्र संवाददाता
बागलुङ, ४ बैशाख

बागलुङ नगरपालिकाका नगरउपप्रमुख राजु खड्काले आफूले पाउने तलबभत्ता सामाजिक कार्यमा खर्चनुभएको छ। शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर उहाँले तलबभत्ता खर्चदै आउनुभएको हो।

खड्काले चार विद्यालयमा कोष स्थापना गर्नुभएको छभने गरिब तथा सहिद परिवारलाई खाद्यान्न प्रदान गर्दै आउनुभएको छ। उपप्रमुखका लागि प्राप्त सेवासुविधाबापतको रकम सामाजिक काममा क्रमशः लगाउँदै जाने उहाँले बताउनुभयो। जनप्रतिनिधिलाई प्राप्त सेवासुविधा सामाजिक क्षेत्रमा खर्चिने गरी घोषणाअन्तर्गत क्रमशः कार्यान्वयनमा गएको खड्काले जानकारी दिनुभयो। उहाँले बागलुङबाट विपन्न विद्यार्थीले अध्ययन गर्ने सामुदायिक विद्यालयमा आर्थिक सहयोग गरिरहेको भन्दै पोसाक तथा शैक्षिक सामग्रीमा यसले सहज बनाएको उल्लेख गर्नुभयो। उहाँका अनुसार हालसम्म रु पाँच लाखभन्दा बढी रकम सामाजिक र शैक्षिक क्षेत्रमा खर्च भएको छ। बागलुङ नगरपालिका-१ स्थित रामरेखा आधारभूत विद्यालयमा एक लाखको अक्षय कोष, बागलुङ नगरपालिका-२ स्थित श्रेष्ठदीपल माध्यामिक विद्यालयमा रु एक लाखको अक्षय कोष, बागलुङ नगरपालिका-१२ स्थित कृष्ण प्राविलाई रु ५० हजार सहयोग गरेको खड्काले जानकारी दिनुभयो। यस्तै बागलुङ नगरपालिकाको पहिलो बालमैत्री विद्यालयका रूपमा घोषणा गरिएको सिगाना माविलाई तलबभत्ताको रकमबाटै रु ४४ हजारको पुरस्कार प्रदान गरेको उहाँले बताउनुभयो। जिल्लाका क्रियाशील पत्रकारलाई लेखनवृद्धिमा सघाउन पत्रकार महासङ्घमा खडा गरिएको लेखनवृद्धि कोषमा उपप्रमुख खड्काले रु ३५ हजार सहयोग प्रदान गर्नुभएको पत्रकार महासङ्घ बागलुङका अध्यक्ष राम थापाले जानकारी दिनुभयो। उहाँका अनुसार नगरउपप्रमुखले प्रत्येक दसैँमा सहिद, बेपत्ता र घाइतेका परिवारलाई लत्ताकपडा र खाद्यान्न वितरण गर्दै आउनुभएको छ। सामुदायिक विद्यालयमा गरिब तथा जेहेन्दार विद्यार्थीको हितका लागि खर्चिने गरी कोष स्थापना कार्यलाई १४ वटा वडामा पुऱ्याउने लक्ष्य रहेको खड्काले जानकारी दिनुभयो। "जनप्रतिनिधि जनताको सेवक हो। नगर उपप्रमुखको हैसियतमा विभिन्न सेवासुविधाबापतको रकम आउने रहेछ, उक्त रकमलाई सामाजिक काममा लगाउने घोषणापत्रमा उल्लेख गरेअनुसार कार्यान्वयनमा लागेको हुँ", उहाँले भनुभयो, "आफूलाई प्राप्त सेवासुविधा सहिद परिवार, बेपत्ता, घाइतेको उन्नयनका लागि र शैक्षिक सुधारमा खर्च गर्नेगरी अगाडि बढेको छु।" उहाँले उत्कृष्ट अध्ययन तथा अध्यापन भइरहेको सामुदायिक विद्यालयका विद्यार्थीको हितका लागि अक्षयकोष स्थापना गर्दै जाने लक्ष रहेको बताउनुभयो। "काम गर्ने क्रममा जनताकामा पुग्दा जहाँ सहयोगको आवश्यकता देख्छु, त्यही प्रत्यक्ष सहयोगसमेत गर्दै आएको छु", उहाँले भनुभयो।

## सच्चाइएको

फेदिखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फेदीखोला, पोखराको मिति २०८२ बैशाख ४ गते बिहीबार पृष्ठ २ मा प्रकाशित नकुहिने फोहोरमैला संकलन गरी ढुवानी गर्न सवारी साधन भाडामा लिने सम्बन्धी सूचनामा दरभाउपत्र दर्ता मिति २०८२/०१/२१ गते हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्चाईएको छ।


## सार्वजनिक सूचना

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.१२ स्थित अमरसिंह टोलमा रहेको (साविक कित्ता नं.४५, कि.नं.१९२ र १९३) हालको सुजना थापाको नाउमा रहेको जग्गा कित्ता नं. ४५, शितला थापाको नाउमा रहेको जग्गा कि.नं.१९२ र लक्ष्मी थापा क्षेत्रीको नाउमा रहेको जग्गा कि.नं. १९३ को जग्गा अंशवण्डाबाट हक हुन आएको र दर्ता तिरो एकलौटी हकभोगको जग्गामा घर निर्माण हुन लागेकोले पूर्व तर्फ कि.नं.४५ को कि.नं.१२ सधियारा दक्षिण पश्चिम मुख्य पक्की सडक उत्तर सधियारा कि.नं.४४, पूर्व कि.नं.१९२ समेत साँध सधियारा पश्चिम कि.नं.१९२ को पूर्व तर्फ कि.नं.७, कि.नं.९३ र १५० समेत साध सधियारा पश्चिम कि.नं. ४३, ४४, ४५ र १९३ उत्तर कि.नं.४४ र १० दक्षिण कि.न.२८ र १५१ समेत साधसधियारा रहेको कि.नं.१९३ को सधियारा कि.नं.१५० कि.नं.३० र कि.नं.४४ समेत सम्बन्धित सरोकारावाला चारकिल्लामा रहेका जग्गाधनीले कुनै असुविधा बाधा हुन गएमा यो निर्माण संरचना बनाउँदा हकदावी भए यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र पोखरा महानगरपालिका वडा नं.१२ मा सम्पर्क गरी लिखित सवुत सहित पेश गर्नुहुन जानकारी गराईन्छ।


# किन्ने हो ऐँसेलु ?

पोखरापत्र संवाददाता
पोखरा, ४ बैशाख



कुनैताका वनपाखा चहारेर खाइने ऐँसेलु हिजोआज राजमार्ग छेउछाउ किनमेल भइरहेको भेटिन्छ। स्वादिष्ट र गुणकारी फल ऐँसेलु कपितयका लागि आयआर्जनको स्रोत बनेको छ।

पाखापखेराबाट दुःखजिलो गरी टिपेर ल्याएको ऐँसेलु बेच्नेमा महिला र बालबालिका बढी हुन्छन्। वसन्त याममा मध्यपहाडी लोकमार्गअन्तर्गत कास्कीको अन्नपूर्ण गाउँपालिका-३ काँडेमा ऐँसेलु बेच्नेको लर्को देखिन्छ। पहाडी भेगका अन्य सडकमार्गमा पनि ऐँसेलुको किनबेच हुने गर्छ। हिउँदको फुर्सदिलो समयमा ऐँसेलु टिप्नु र बेच्नु स्थानीयवासीको दैनिकी जस्तै बन्ने गरेको छ। काँडेकी मनमाया विकले वनपाखा पुगेर ल्याएको ऐँसेलुलाई मल्लाताको हरियो पातमा बेरेर बेच्ने गरेको सुनाउनुभयो। बिहानमा ऐँसेलु टिप्ने र दिउँसो राजमार्गमा ल्याएर बेच्ने गरेको उहाँले बताउनुभयो। "ऐँसेलु बेचेको पैसाले सामान्य घरखर्चको जोहो हुन्छ", उहाँले भन्नुभयो, "बालबालिकाले कापीकलम किन्ने पैसा जुटाउँछन्।" काँडा छिचोलेर ऐँसेलु टिप्ने काम सजिलो भने नहुने उनीहरूको अनुभव छ। थोरै भएपनि नगद आर्जन हुने देखेर स्थानीयवासी ऐँसेलु बेच्न लालयित देखिएका हुन्। महिलाहरूले टपरी भँ खिपेको सोली आकारको हरियो पातमा ऐँसेलु राखेर बेच्ने गर्छन्। एउटाको मूल्य रु एक सय राखिएको छ। कुनै दिन त एकै जनाले दुई हजारसम्मको ऐँसेलु बेच्ने गरेका छन्। दैनिक ज्यालादारी कामको भन्दा धेरै पैसा आउन थालेपछि ऐँसेलुतिर आकर्षित भएको महिलाहरू बताउँछन्।

राजमार्गमा यात्रा गरिरहेका यात्रुले गाडी रोकेर ऐँसेलु किन्ने गर्छन्। कतिपयले चाख मानेर ऐँसेलु किन्ने गरेपनि कोहीले भने वास्तै नगर्ने स्थानीयवासीको बताउँछन्। ऐँसेलुको किनमेल हुन थालेपछि फुर्सदको सदुपयोग भएको छ। घरगुजारा चलाउन पैसाको पनि जोहो हुन थालेको छ। अधिकांश सहरिया मानिसको रोजाइमा ऐँसेलु पर्ने गरेको छ। विदेशी पर्यटकले पनि किनेर खाने गरेका छन्।

लाेकमार्गले छोएको कास्कीको फेँदी कटेपछि नागडाँडा, काँडे, लुम्ले, नयाँपुलसम्मै वसन्त याममा ऐसेलु बेच्नेहरू भेटिन्छन्। बिदाका दिनमा बालबालिका पनि ऐसेलु बेच्न निस्कन्छन्। वयस्क पुरुष भने यो काममा खासै भेटिँदैनन्। शनिबारको फुर्सद पारेर बालबालिकाहरू गाउँ नजिकैको वनबाट ऐसेलु टिपेर ल्याउर बेच्ने गर्छन्। पहिलेपहिले वनपाखा धाएर ऐसेलु, चुत्रोलगायत फल खाने चलन थियो। पछिल्लो समय त्यो क्रम हद्दै गएको छ। चैतदेखि जेठसम्म डाँडापाखामा ऐँसेलु पाक्ने गरेको गरेको छ।

ऐसेलुबाट जुस, वाइन पनि बनाउन सकिने वनस्पती विज्ञहरू बताउँछन्। वनमा यसै खेर जाने फलबाट लाभ लिन सक्नुपर्ने उनीहरूको भनाइ छ। मझौला काँडेदार बुट्यान (झाडी)मा ऐँसेलु फल्छ। पहाडी भेगको सातसय देखि दुई हजार मिटरसम्ममा ऐँसेलु पाइन्छ। यो फल रसिलो र गुलियो हुन्छ। ऐँसेलु प्रकृतिमा आफै उम्रेर वर्षौँसम्म टिक्ने वनस्पति हो। अपच भएको अवस्थामा ऐँसेलु प्रयोग गर्नु लाभदायी मानिन्छ।

वनस्पती विज्ञका अनसार ऐँसेलुमा भिटामिनसीसहित सुक्ष्म पोषक तत्व पाइन्छ। ऐँसेलुको जरामा पनि औषधीय गुण हुन्छ। यो पूर्ण रूपमा जैविक फल हो। यो फल नेपालको अधिकाँश पहाडी भेगमा पाइन्छ। नेपालसहित भारत, चीन र पाकिस्तानमासमेत पाइने यो फल रङ्गका आधारमा तीनथरिको हुन्छ।

# धार्मिकस्थल सत्यवती मन्दिर जोड्ने पदमार्ग निर्माण

पोखरापत्र संवाददाता
ढोरपाटन, ४ बैशाख

धार्मिक पर्यटकलाई आकर्षित गर्न सत्यवती मन्दिर जोड्ने पदमार्ग निर्माण सुरु गरिएको छ। बागलुङको बरेङ गाउँपालिका-३ बाटाकाचौरस्थित प्रसिद्ध धार्मिकस्थल सत्यवती मन्दिर जोड्नका लागि पदमार्ग निर्माण सुरु गरिएको हो।

गण्डकी प्रदेश सरकारले विनियोजन गरेको रु १० लाख बजेटमा खाल्टाबाट सत्यवती मन्दिरसम्म रेलिङसहितको दुई सय मिटर पक्की पदर्मार्ग निर्माण थालिएको पर्यटन तथा उद्योग कार्यालय बागलुङका योजना अधिकृत नारायण रिजालले जानकारी दिनुभयो। अघिल्लो वर्ष पनि रु १० लाख लागतमा करिब दुई सय मिटर पदमार्ग निर्माण गरिसकेको बताउँदै उहाँले मन्दिरसम्म पुग्ने पदमार्ग निर्माणमा पछिल्लो दुई वर्षमा रु २० लाख लगानी भएको जानकारी दिनुभयो। उहाँका अनुसार पर्यटन तथा उद्योग कार्यालय बागलुङले पदमार्ग निर्माण गरिरहेको हो। रेलिङसहितको पक्की पदमार्ग निर्माण बढी खर्चिलो हुने रिजालको भनाइ छ। यसवर्ष पदमार्ग निर्माणका लागि गत फागुन ११ गते उपभोक्ता समितिमार्फत सम्झौता गरी काम अगाडि बढेको भन्दै हालसम्म ५० प्रतिशत बढी प्रगति भएको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार उक्त आयोजना यही महिनाभित्र सम्पन्न गर्नेगरी तीव्र गतिमा काम भइरहेको छ। चिच्याएर वर माग्ने यस मन्दिरमा पछिल्लो समय आन्तरिक पर्यटकको आगमनमा वृद्धि हुँदै गएको स्थानीय बताउँछन्। दश वर्ष पहिलेसम्म जीर्ण र अव्यवस्थित मन्दिरलाई बरेङ गाउँपालिकाले व्यवस्थित बनाएको छ। धार्मिक महत्त्व बोकेको यस मन्दिरमा परम्परादेखि नै पूजाआज गर्दै आइएको पाइन्छ। यहाँ ठूलो स्वरले चिच्च्याएर वर माग्ने गरिन्छ। यसरी चिच्च्याएर वर माग्दा मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहिआएको छ। गाउँपालिकाले मन्दिरको पुनःनिर्माण, पार्किङस्थल निर्माण, खानेपानी, शौचालय, विश्रामस्थल, फनपार्कलगायत पूर्वाधार निर्माण गरेको बरेङ गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्माले बताउनुभयो। उहाँका अनुसार यस क्षेत्रमा धार्मिक पर्यटक भित्र्याउनका लागि पूर्वाधार निर्माणमा हालसम्म रु एक करोड बढी लगानी भइसकेको छ।

मन्दिरसम्म आउने सडक बाह्रैमहिना सञ्चालन हुनेगरी व्यवस्थित बनाइएको अध्यक्ष शर्माले बताउनुभयो। उहाँले भन्नुभयो, "यो मन्दिरमा हरेक धान्य पूर्णिमामा ठूलो मेला लाग्ने गर्दछ। प्रत्येक महिना हजारौं दर्शनार्थी मन्दिरमा आउने हुँदा सडक, खानेपानी, मन्दिर निर्माण गर्ने र अन्य पूर्वाधारलाई व्यवस्थित बनाइरहेका छौं। पहिले मन्दिर भएको ठाउँ निकै साँघुरो हुँदा भक्तजनलाई पूजाआजा गर्न समस्या थियो, अहिले त्यसलाई फराकिलो बनाएका छौं।"

# चुमनुब्रीमा १४ सयको निःशुल्क आँखा जाँच

पोखरापत्र संवाददाता
गोरखा, ४ बैशाख

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकामा सञ्चालित निःशुल्क आँखा उपचार शिविरमा मोतियाविन्दु भएका ६५ जना बिरामीको निःशुल्क शल्यक्रिया गरिएको छ।

गाउँपालिका, तिलगङ्गा आँखा प्रतिष्ठान केन्द्र, सेराङ गुम्बा र देलेक फाउण्डेशनको संयुक्त आयोजनामा वडा नं ५ स्थित बिही स्वास्थ्यचौकीमा शिविर सञ्चालन गरिएको हो। दुई दिनसम्म सञ्चालित शिविरमा पालिकाभित्रका एक हजार चार सय जनाले आँखाको जाँच गराएका गाउँपालिकाका अध्यक्ष निमा लामाले जानकारी दिनुभयो। "शिविरमा १४ सय जना स्थानीयले आँखाको निःशुल्क जाँच गराएका छन्।

साथै आँखा जाँच गराउँदा मोतियाविन्दु भएकाको तत्काले शल्यक्रिया गरिएको हो", उहाँले भनुभयो। अध्यक्ष लामाका अनुसार वरिष्ठ आँखा रोग विशेषज्ञ डा सन्दुक रुइतको नेतृत्वमा १२ जना चिकित्सकसहित स्वास्थ्यकर्मीको टोलीले मोतियाविन्दु भएका बिरामीको आँखाको शल्यक्रिया र उपचारसेवा प्रदान गरेका हुन्। शिविरमा आँखाको जाँच तथा उपचारका लागि आएका सबैलाई आवश्यकताका आधारमा औषधि एवं चस्मासमेत वितरण गरिएको उहाँले जानकारी दिनुभयो।

# कोरलामा व्यापारिक चहलपहल बढ्यो

सुन्दरकुमार थकाली
मुस्ताङ, ४ बैशाख/रासस

नेपाल-चीन उत्तरी कोरलानाकास्थित दशगजा क्षेत्रको नेपाली भूमिमा करिब एक दर्जन स्थानीय व्यापारीले नेपाली तथा चिनियाँ सामानको पसल सञ्चालन गरिरहेका छन् । सीमावर्ती गाउँपालिका लोमान्थाङ-२ र १ वडाकासाना व्यापारीले समुन्द्री सतहको चार हजार ६१० मिटरको अग्लो उचाइ कोरलापासमा बसेर नेपाली तथा चिनियाँ सामानको बिक्री गर्न पसल सञ्चालन गरेका हुन् ।

विसं २०८० को कात्तिक २७ गतेदेखि नेपाल–चीन कोरलानाका खुलेपछि सीमावर्ती क्षेत्र छोसेरका स्थानीय तथा साना व्यापारीहरू कोरलानाकामा पसल र रेष्टुरेन्ट चलाएर बस्न थालेका लोमान्थाङ-२ छोसेरका युवा पासाङ वाङ्दीले बताउनुभयो । कोरलानाका अवलोकनका लागि यहाँ पुग्ने आन्तरिक तथा बाह्य पर्यटकहरूलाई स्थानीयस्तरमा उत्पादित सामाग्रीका साथै चिनियाँ सामान बिक्री गरेर आम्दानी गरिरहेको उहाँको भनाइ छ । "कतिपयले नाकामा पुगेका पर्यटकलाई खाजानास्ता र चियाकफी समेत बनाएर खुवाउँछन् । नाकामा एक दर्जन व्यापारीले त्रिपाल टाँगेर व्यापार गर्दै आइरहेका छन् । कोरलानाका अग्लो सुक्खा पठार भूमि दशगजा क्षेत्रमा त्रिपालमुनि बसेर व्यापर गरिरहेका छौं । बिहान उठ्ने बित्तिकै रेष्टुरेन्ट व्यवसायसँगै चिनियाँ पसलमा व्यापार सुरु हुन्छ । साँझ बिक्री गर्न राखिएका सबै सामान त्रिपालमुनि लगेर थन्क्याउँछौं । यसरी हाम्रो दैनिकी चलेको छ", वाङ्दीले भन्नुभयो । उहाँले आफू पनि यहाँ व्यापार गर्न स्टल थापेर बसेको बताउनुभयो । दुई महिनादेखि कोरलापासमा व्यापार गर्न बसेका पासाङले चिनियाँ व्यापार सन्तोषजनक रहेको उल्लेख गर्नुभयो । दैनिक बिहान ९ बजे कोरलानाकाको तिब्बती भूमि लिग्चेमा पुगेर चिनियाँ सामान किनेर दिउँसो २ बजे फर्किने गरेका लोमान्थाङ-१ छोसेरकी लाक्पाछेसुङ गुरुङले उल्लेख गर्नुभयो । चीनले बिहान ९ बजे चीनतर्फको नाका छिरेर दिउँसो २ बजेपछि मात्रै फर्किने नियम रहेको उहाँले जानकारी दिनुभयो । दजगजा क्षेत्रबाट चीनको भूमि लिग्चेसम्मको करिब ३०० मिटर दूरी रहेको भन्दै त्यहाँबाट आफैँले बोकेर सामान ल्याउनुपर्ने उहाँले सुनाउनुभयो । गुरुङले चीनको नाका प्रवेश गरेर जान सरकारले वितरण गरेको सीमापार पास देखाएर मात्रै जान पाइने उल्लेख गर्नुभयो । "गाउँका धेरैजसो युवा विदेश गइसके, म भने यही नाकामा पसल चलाएर बसेकी छु", उहाँले भन्नुभयो, "दैनिक रु छ-सात हजारको व्यापार हुन्छ, फाइदा रु दुई-तीन हजार हुन्छ ।" गुरुङले कोरलानाकामा नेपाली पर्यटक आउने क्रम बढ्दै जान थालेको बताउनुभयो । नाका खुलेपछि बर्खायामभरि नाकामा त्रिपालमुनि बसेर दिउँसो चिनियाँ सामग्रीको पसल चलाएको बताउँदै उहाँले भन्नुभयो, "हिउँदयाममा चिसो हुन्छ, पर्यटक पनि आउँदैनन्, यसैले जाडो महिनामा पोखरा झरेर व्यापार गर्ने गरेकी छु । घरायसी प्रयोजनबाहेक यहाँको सामान तल लैजान पाइँदैन, भन्सारले रोकिदिन्छ, यसैले पनि दुईचार पैसा आम्दानी होला कि भनेर यहाँ बसेकी हुँ ।" कोरलानाकामा बसेर व्यापार गर्न उत्तिकै चुनौतीपूर्ण छ । पठार सुक्खा अग्लो स्थानमा लामो समय बसेर व्यापार गर्दा लेक लाग्ने समस्या हुने गुरुङले बताउनुभयो । नाका अवलोकनका लागि पुगेका कतिपय पर्यटकलाई लेक लागेर बिरामी हुने गरेका बताउँदै सरकारले कोरलानाका खुलाए पनि आवश्यक वातावरणमैत्री भौतिक पूर्वाधार निर्माण नहुँदा यहाँ बसेका व्यापारी तथा पर्यटकलाई स्वास्थ्यमा समस्या हुने गरेको उहाँले उल्लेख गर्नुभयो । नाकामा खानेपानी र भरपर्दो शौचालय नहुँदा व्यापारी तथा पर्यटकले सास्ती भोग्नु परेको व्यापारीहरू बताउँछन् । नाकामा व्यापार गर्न बसेका व्यापारीलाई चीन सरकारले खानेपानीको सुविधा उपलब्ध गराएको गुरुङले जानकारी दिनुभयो । कोरलानाकामा कमजोर संरचनाको अस्थायी शौचालय निर्माण गरिए पनि त्यो भरपर्दो नभएको व्यापारीहरू सुनाउँछन् । नाकामा चीनको सामान ल्याएर बिक्री गर्ने स्थान रहे पनि खुल्ला पठारमा स्टल राख्दा हावा, धुवाँ र धुलोको समस्याले स्वास्थ्य समस्या हुने गरेको उहाँहरूको भनाइ छ । पर्यटकले जथाभावी फोहोर फाल्ने तथा व्यापारी फोहोर व्यवस्थापन गर्न नसक्दा सीमानाका दुर्गन्धित तथा प्रदूषित बन्ने गरेको छ । नेपाल–चीन उत्तरी कोरलानाका उपल्लो मुस्ताङका दुई पालिकाका लागि खुलेपछि हालसम्म तीन हजार बढीले चीन प्रस्थान गर्ने सीमापार पास पाइसकेका छन् । उपल्लो मुस्ताङका नागरिकका लागि घरायसी सामान किनमेल गर्न खुलेको यो नाकाबाट व्यापारी प्रयोजनका लागि नेपाली तथा चिनियाँ सामान आयात, निर्यात गर्न पाँच महिनादेखि पूर्ण रूपमा प्रतिबन्ध लगाइएको लोमान्थाङ-२ छोसेरका वडाध्यक्ष कर्मानाम्याल गुरुङले जानकारी दिनुभयो । नाकाबाट भन्सारले सामान ल्याएर बिक्रीवितरण गर्न नदिएपछि कतिपयको रोजीरोटी खोसिएको उहाँले बताउनुभयो । वडाध्यक्ष गुरुङले नाका खुल्ला भयो भनेर मात्रै नहुने भन्दै त्यसका लागि सरकारले भन्सार सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण गरेर आयात, निर्यातलाई सहज बनाइदिनुपर्नेमाजोडदिनुभयो।नेपाल-चीन कोरलानाकास्थित न्हेचुङ भन्सारले स्थानीय व्यापारीलाई व्यापारिक प्रयोजनका लागि सामान ल्याउन नदिएपछि आफूहरू अप्ठ्यारोमा परेको लोमान्थाङ-३ ठिङ्गरका साना व्यापारी कर्माम्टुक गुरुङले दुःखेसो पोख्नुभयो । कोभिड सङ्क्रमणकालमा लगातार चार वर्षसम्म बन्द रहेको कोरलानाका खुले पनि उपल्लो मुस्ताङका नागरिकलाई खासै सुविधा प्राप्त नभएको यस क्षेत्रका नागरिकको गुनासो छ । नाका खुलेको डेढ वर्ष पुग्दा गत पुसदेखि न्हेचुङ भन्सार कार्यालयले राजस्व सङ्कलन गर्न छाडेको छ । केही महिनाअघि उपल्लो मुस्ताङका एक व्यक्तिले अवैध रूपमा ठूलो परिमाणमा विद्युतीय चुरोट 'भेप' आयात गरेपछि मुस्ताङ प्रहरीले नियन्त्रणमा लिएर कारबाही गरेको थियो । त्यसपछि भन्सार कार्यालयले चीनबाट सामान ल्याएर बिक्रीवितरण गर्ने कार्यलाई प्रतिबन्ध गरेको वडाध्यक्ष गुरुङले जानकारी दिनुभयो । लोमान्थाङ गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङले कोरलानाकाबाट सामान ल्याएर बिक्री गर्ने कार्यमा परेको कानुनी जटिलता र अप्ठ्याराहरूको समाधान खोज्न सरकारसँग पहल गर्ने प्रतिबद्धता जनाउनुभयो । "कोरलानाकाबाट नेपालीले किराना सामग्री, कस्मेटिक, पेयपदार्थ, कृषि उपकरण, फर्निचरलगायत सामान आयात गर्दथे । यता नेपालबाट स्थानीय कृषि उत्पादन चीनतर्फ निर्यात हुन्थ्यो । अहिले त्यसखालको आयात, निर्यात पूर्ण रूपमा ठप्प भएको छ", उहाँले भन्नुभयो ।

# कवितालाई पढ्नै सकस

पोखरापत्र संवाददाता
गोरखा, ४ बैशाख

बालबालिका माथिल्लो कक्षामा पढ्ने उमङ्गका साथ नतिजाका पर्खाइमा छन् । शिक्षक आन्दोलनले ढिलाइ भए पनि छिट्टै नतिजा आउला र नयाँ पाठ्यपुस्तक बोकेर माथिल्लो कक्षामा पढ्न जाऔँला भन्ने उत्साह बोकेर गाउँघरतिरै खेलिरहेका छन् ।

गण्डकी गाउँपालिका-६ बनटारकी कविता चेपाङ पनि समय मिलाएर तिनै साथीहरूसँग हाँसखेल गरिरहेकी छिन्, तर उनमा न नतिजाको पर्खाइ छ, न उपल्लो कक्षामा पढ्न जाने जोश । बिदा मनाइरहेका साथीसङ्गीसँग खेल्न पाउँदा मुहारमा घाम उदाए पनि विद्यालय, पठनपाठन सम्झेपछि उनको मुहारमा अँध्यारो बादल छाउँछ ।

तेह्र वर्षीया कविता प्रायः घरधन्दामा व्यस्त हुन्छिन् । उनलाई घरको काम र भाइबहिनीको स्याहारसुसारकै लछारोपछारो छ । चेपाङ बालबालिकामात्र पढ्ने तोमनडाँडा मावि पुग्न उनको घरबाट बढीमा १० मिनेट लाग्छ, तर उनको जीवनबाट विद्यालय धेरै टाढा पुगिसकेको छ । कक्षा ५ मा पढ्दापढ्दै गत कात्तिकमा उनले पढाइ छाडेकी हुन् । घरको आर्थिक अवस्था कमजोर भएकै कारण आफूले पढाइ छाड्नुपरेको उनको दुःखेसो छ ।

"पढ्न मन त लाग्छ नि । पढाइमा पनि राम्रै गरिरहेको थिएँ, तर के गर्नु, घरबाट सघाउ भएन । त्यसैले छोड्नुपर्‍यो", उनले भनिन्, "पढिरहेको भए अहिले म पनि ६ कक्षामा जान्थैं होला ।" कविताको अन्य चार दिदीबहिनी र तीनजना दाजुभाइ छन् । कवितापछिको १० वर्षीया अनुका चेपाङ र अनुकापछिको छ वर्षका भाइ आयुष भने तोमनडाँडा माविमा अध्ययनरत्त छन् । आयुषमुनिको कान्छो भाइ आकाश चेपाङ डेढ वर्षको छ ।

"म माथिको दाजु सुरज केही वर्षअघि ४ कक्षा पढ्दापढ्दै घरको अवस्था देखेर पढ्न छाड्नुभयो । अहिले चितवनतिर होटलमा काम गर्नुहुन्छ । कहिलेकाहीँ चाडपर्वका बेलामा मात्र घर आउनुहुन्छ", कविताले भनिन्, 'दाजु माथिकी दिदी बबिताले यस वर्ष एसइई दिनुभयो ।

बबितामाथिको दुई जना दिदीहरू अस्मिता र सुस्मिताकोचाहिँ बिहे भइसक्यो", कविताले भनिन् । घरमा सबैभन्दा धेरै पढेकी बबिता हुन् । १८ वर्षीया बबितालाई भने 'मिस मङ्गोल नेपाल' नामक संस्थाले तोमनडाँडा माविमा कक्षा १० सम्म आवासीय सुविधासहित पढाइदिएको हो । "जेठी दिदी अस्मिताले त छ-सात वर्ष भयो बिहे गरेको पनि । बबिताभन्दा चार वर्ष जेठी छ अस्मिता । अस्मिताभन्दा एक वर्ष कान्छी सुस्मिताले पनि बिहे गरेको चार-पाँच वर्ष भयो", कविता भन्छिन्, "धेरै पढेको बबिताले मात्र हो । दिदीहरू त पढ्नै गएनन् । दाजु र मैलै चाहिँ छाडेको । मलाई घरमा बाबाममीले दिनरात पढ्न नजा भनी कराउनुहुन्थ्यो त्यसैले छोडिदिएँ तर दाजुलाई चाहिँ पढ् भनुहुन्थ्यो, उहाँले आफैँ छाडेको हो", उनले भनिन्, "जाँडरक्सीको तालमा कहिलेकाहीँ बाबुआमाले पढ्न जा भन्नुहुन्छ । फेरि सोच्छु, सधैँ एकदिन जा भन्ने, अर्को दिन नजा भन्ने गर्छन् । त्यही भएर पढ्न जान मन लाग्दैन ।" कविताको बाआमा नियमितजसो मदिरा सेवन गर्छन् । घरमा बिरलै भेटिने उनीहरू कहिले कुल्ली काम गर्न जान्छन् त कहिले छोरीहरूको घर । साना भाइबहिनीहरूको हेरबिचारको जिम्मा साइली बबिता र काइली कविताको हो । "अब त कसरी पढ्ने होला र खै केही उपाय छैन । काम पाए त गर्नुहुथ्यो । अलिअलि पैसा कमाउन पाए घरको खर्च टर्थ्यो", १३ वर्षीया कविता भन्छिन् ।

कवितामात्र होइन उनकी दिदी बबितालाई पनि घरको जिम्मेवारीले पिरोलेको छ । अठार वर्षीया बबितालाई पनि बाँकी पढाइ कसरी गर्ने र घरको खर्च कसरी टार्ने भन्ने चिन्ता छ । उनी भन्छिन्, "११-१२ पनि पढ्न मन छ तर कसरी खर्च जुटाउने थाहा छैन । अब त घरमा पनि हेर्नुपर्छ । बहिनीले पनि पढोस्‌जस्तो लाग्छ तर पैसा छैन जान्न मात्र भन्छे ।" कवितामात्र होइनन्, वनटारस्थित चेपाङ बस्तीका अधिकांश बालबालिकाले बीचैमा पढाइ छाडेका छन् ।

वनटारमा ४-५ कक्षा पढेर छाड्नु सामान्य हो । "यता प्रायः सबै जनाले बीचैमा पढ्न छाडेका छन् । म र एक-दुई जना दिदीहरूले मात्र हो एसइईसम्म पढेको", कविताकी साइली दिदी बबिता चेपाङले भनिन्, "संस्थाले नहेरेको भए सायद म पनि पढ्न पाउँदिन थिए होला ।" बहिनीले पारिवारिक समस्याकै कारण पढाइ छाडेको उनको भनाइ छ । "पढ्न गएरमात्र भएन घरबाट कापी, कलम हेर्दिनन्", बबिता भन्छिन्, "बाबाले कहिलेकाँही कुल्ली काम गर्नुहुन्छ । त्यसैले घरमा सरसामान ल्याउने हो, फेरि बाबुआमाले रक्सी पनि खानुपर्‌यो गर्दा ठिक्क हुन्छ ।"

# चलचित्र छायाङ्कनको 'हब' बन्दै मुस्ताङ

रासस
मुस्ताङ, ४ बैशाख

पछिल्लो समय बेनी-जोमसोम-कोरला सडकमा आवतजावत गर्न सहज भएसँगै यहाँ चलचित्र छायाङ्कनको आकर्षक गन्तव्य बनेको छ ।

संघीय राजधानि काठमाडौँबाट एक दिनमै यहाँ आउन सकिनेहुँदा जिल्लाका विभिन्न स्थानमा चलचित्र छायाङ्कन गर्नेक्रम बढेको हो । साथै विभिन्न हलिउड, बलिउड र कलिउडका चलचित्र छायाङ्कन गर्नका लागि जनशक्ति, उपकरण र बन्दोबस्तीका सामान ढुवानी गर्न सहज भएसँगै मुस्ताङमा चलचित्र छायाङ्कन गर्नेहरू आकर्षित भएका हुन् । जिल्लाको पृथक भूगोलमा छायाङ्कन गर्न पछिल्लो समय चलचित्रकर्मी निकै लालायित हुने गरेको पाइएको छ । हिमाली शृङ्खला, प्राकृतिक भूगोल, जैविक तथा सांस्कृतिक विविधताका साथै यहाँको लोभलाग्दो कृषि र पशुपालन गर्ने संस्कृतिलाई चलचित्रको पर्दामा कैद गर्न पछिल्ला केही वर्षयता चलचित्रकर्मीको लर्को नै लाग्ने गरेको पाइएको छ । सडक नहुँदाको तत्कालीन अप्ठ्यारो परिस्थितिमा समेत मुस्ताङमा हिन्दी चलचित्र खुदा गवाह सुटिङ भएको थियो । भारतीय अभिनेता अमिता बच्चन त्यस समयको कठिन परिस्थितिका बेला पनि मुस्ताङ आएर सुटिङ सकाउनुभएको थियो । तर, त्यसबेलाको कठिन परिस्थिति अहिले पूरै फेरिएको छ । घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले एकैदिन मुस्ताङ आएर चलचित्र सुटिङ गर्न पाइने भएकाले पनि मुस्ताङमा चलचित्र छायाङ्कनका लागि आउनेको सङ्ख्या बढ्दै गइरहेको जानकारी दिनुभयो । जिल्लामा विभिन्न देशका चलचित्र, म्युजिक भिडियो र डकुमेन्ट्री फिल्म सुटिङ गर्न सहज हुनेगरी यहाँका स्थानीय तहले सीमित राजस्व सङ्कलन गर्ने गरेको उहाँको भनाइ छ । उहाँले यसप्रकारका चलचित्रको छायाङ्कनले यहाँको पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुगेको उल्लेख गर्नुभयो । पछिल्ला पाँच वर्षयता दर्जनौं नेपाल चलचित्र, म्युजिक भिडियो र डकुमेन्ट्री फिल्म यहाँ सुटिङ भइसकेका छन् । मुस्ताङको कालीगण्डकी बगर, सदियौं वर्ष पुराना गुम्बा, माने, छोर्तेन, गुफा, तालतलैयाका साथै फरक-फरक प्राकृतिक सौन्दर्यताकै कारण जिल्ल चलचित्र सुटिङको हब बन्दै गएको हो ।

जिल्लामा हिन्दी चलचित्र खुदा गवाह करिब ४० को दशकमा सुटिङ भएको हो । पछिल्लो पाँच वर्षयता मुस्ताङमा चिनो, प्रेमगीत, सम्हालिन्छ कहिले मन, कबड्डी, जेरी, ब्याज नम्बर सिक्टिन, भकुन्डो, छिरिङलगायत दर्जनौं चलचित्र सुटिङ भएका थिए । यहाँ सुटिङले यहाँको पर्यटन क्षेत्रमा महत्त्वपूर्ण योगदान पुगेको नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ फोनिजका सचिव नीरज थकालीले बताउनुभयो । उहाँले चलचित्रका माध्यमबाट यहाँका कला, संस्कृति, मौलिकता र सम्पदालाई उजागार गर्न ठूलो सहयोग पुगेको जनाउनुभयो । त्यसैगरी, जिल्लामा चलचित्र सुटिङका लागि आउनुभएका नेपाल चलचित्र प्राविधिक सङ्घका उपाध्यक्ष अर्जुनप्रसाद पोखरेलले यहाँ चलचित्र छायाङ्कन गर्ने उपयुक्त र सहज गन्तव्य भएको दाबी गर्नुभयो । जिल्ला नेपालकै स्वर्गरुपी जिल्ला भएको उल्लेख गर्दै उहाँले यस्तो स्थानमा सरकारले चलचित्र स्टुडियो स्थापना गर्न सकेमा यस क्षेत्रको मात्र नभई सिङ्गो गण्डकी प्रदेशको आर्थिक समृद्धिमा सहयोग पुर्‍याउने बताउनुभयो । यसका लागि तीन तहको सरकारले पहल गर्न आवश्यक उहाँको भनाइ छ । निलगिरि र धवलागिरिलगायत यहाँ साना दर्जनौं हिमाल अवस्थित छन्, सबै हिमालमा क्षणभरमै पुग्न सकिने, होटल र यातायात पहिलेको तुलनामा निकै सहज हुँदै जान थालेको छ, यसैले पनि ९० प्रतिशत चलचित्रकर्मीले यही ठाउँमा आएर सुटिङ गर्न थाल्ने छन् । यहाँ चलचित्र सुटिङ गर्न पाउँदा स्थानीय पालिका र समुदायबाट ठूलो सहयोग प्राप्त भएको उपाध्यक्ष पोखरेलले जनाउनुभयो । मुस्ताङमा यहाँका ताल, गुम्बा, लेक, खर्क, हिमाल, जैविक विविधता र संस्कृति महत्त्वपूर्ण विशेषता रहेको बताउनुभयो । मुस्ताङको तल्लो क्षेत्र थासाङमा सेकुङ ताल, भुतर्छो ताल र टिटी ताल अवस्थित छन् ।

कालीगण्डकी नदीको सुन्दर तटीय बस्ती र अनि खर्कमा चर्दै गरेका याक चौँरीका बथानले झनै चलचित्रलाई सुसज्तित पारिदिन्छ । घरपझोङ गाउँपालिकामा पर्यटकीय सांस्कृतिक गाउँ मार्फा, ठिनी, स्याङ र जोमसोममा प्राचीन संस्कृति अवलोकन गर्न पाइन्छ । यस पालिकामा ढुम्बाताल र क्षमाताल अवस्थित छ । वारागुङ मुक्ति क्षेत्रमा मुक्तिनाथ मन्दिर, कागबेनी, झोङ, तेताङ, छुसाङ, मुस्ताङ गेटलगायत स्थानमा चलचित्र छायाङ्कन गर्ने गरिएको छ । लोमान्थाङमा मुस्ताङी राजाको सात सय वर्ष पुरानो दरबार, गुफा, गुम्बा, माने र छोर्तेनहरू अवलोकन गर्न सकिन्छ । लोघेकर दामोदरकुण्ड गाउँपालिकामा पनि गुरु पद्मसम्भवले निर्माण गरेको लोघेकर गुम्बा, चराङ गुम्बा, ढाक्मर रेड पहाडलगायत यहाँका संस्कृति झल्काउने मौलिक परम्परागत बस्ती रहेको छ ।

HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Pli१०१०००३०३३ | गोपाल प्रसाद न्यौपाने | सालझण्डी ८- रुपन्देही |
| २ | Pli१६१०००३४४९ | मदन खड्का क्षेत्री | भरतपोखरी ५- कास्की |
| ३ | Pli१६१०००८७२१ | आरोन बिमली | सिद्ध ७- कास्की |
| ४ | Gli०६१००१६४०७ | फुल माया विश्वकर्मा | घान्द्रुक गाविस वडा नम्बर ०३ कास्की |
| ५ | Pli१६१०००२९४१ | संस्कृति घर्ती छेत्री | फेदीखोला १- स्याङ्जा |

# धार्मिकस्थल सत्यवती मन्दिर जोड्ने पदमार्ग निर्माण

पोखरापत्र संवाददाता
ढोरपाटन, ४ बैशाख

धार्मिक पर्यटकलाई आकर्षित गर्न सत्यवती मन्दिर जोड्ने पदमार्ग निर्माण सुरु गरिएको छ । बागलुङको बरेङ गाउँपालिका-३ बाटाकाचौरस्थित प्रसिद्ध धार्मिकस्थल सत्यवती मन्दिर जोड्नका लागि पदमार्ग निर्माण सुरु गरिएको हो ।

गण्डकी प्रदेश सरकारले विनियोजन गरेको रु १० लाख बजेटमा खाल्टाबाट सत्यवती मन्दिरसम्म रेलिङसहितको दुई सय मिटर पक्की पदर्मागि निर्माण थालिएको पर्यटन तथा उद्योग कार्यालय बागलुङका योजना अधिकृत नारायण रिजालले जानकारी दिनुभयो । अघिल्लो वर्ष पनि रु १० लाख लागतमा करिब दुई सय मिटर पदमार्ग निर्माण गरिसकेको बताउँदै उहाँले मन्दिरसम्म पुग्ने पदमार्ग निर्माणमा पछिल्लो दुई वर्षमा रु २० लाख लगानी भएको जानकारी दिनुभयो । उहाँका अनुसार पर्यटन तथा उद्योग कार्यालय बागलुङले पदमार्ग निर्माण गरिरहेको हो ।

रेलिङसहितको पक्की पदमार्ग निर्माण बढी खर्चिलो हुने रिजालको भनाइ छ । यसवर्ष पदमार्ग निर्माणका लागि गत फागुन ११ गते उपभोक्ता समितिमार्फत सम्झौता गरी काम अगाडि बढेको भन्दै हालसम्म ५० प्रतिशत बढी प्रगति भएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त आयोजना यही महिनाभित्र सम्पन्न गर्नेगरी तीव्र गतिमा काम भइरहेको छ । चिच्याएर वर माग्ने यस मन्दिरमा पछिल्लो समय आन्तरिक पर्यटकको आगमनमा वृद्धि हुँदै गएको स्थानीय बताउँछन् । दश वर्ष पहिलेसम्म जीर्ण र अव्यवस्थित मन्दिरलाई बरेङ गाउँपालिकाले व्यवस्थित बनाएको छ । धार्मिक महत्त्व बोकेको यस मन्दिरमा परम्परादेखि नै पूजाआज गर्दै आइएको पाइन्छ । यहाँ ठूलो स्वरले चिच्च्याएर वर माग्ने गरिन्छ । यसरी चिच्च्याएर वर माग्दा मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहिआएको छ । गाउँपालिकाले मन्दिरको पुनःनिर्माण, पार्किङस्थल निर्माण, खानेपानी, शौचालय, विश्रामस्थल, फनपार्कलगायत पूर्वधार निर्माण गरेको बरेङ गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्माले बताउनुभयो । उहाँका अनुसार यस क्षेत्रमा धार्मिक पर्यटक भित्र्याउनका लागि पूर्वधार निर्माणमा हालसम्म रु एक करोड बढी लगानी भइसकेको छ । मन्दिरसम्म आउने सडक बाह्रैमहिना सञ्चालन हुनेगरी व्यवस्थित बनाइएको अध्यक्ष शर्माले बताउनुभयो । उहाँले भन्नुभयो, "यो मन्दिरमा हरेक धान्य पूर्णिमामा ठूलो मेला लाग्ने गर्दछ । प्रत्येक महिना हजारौं दर्शनार्थी मन्दिरमा आउने हुँदा सडक, खानेपानी, मन्दिर निर्माण गर्ने र अन्य पूर्वाधारलाई व्यवस्थित बनाइरहेका छौं । पहिले मन्दिर भएको ठाउँ निकै साँघुरो हुँदा भक्तजनलाई पूजाआजा गर्न समस्या थियो, अहिले त्यसलाई फराकिलो बनाएका छौं ।"

नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १५, शिव शक्ति तमु समाजको २ कोठे भवन निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : शिव शक्ति तमु समाजको २ कोठे भवन निर्माण
उपभोक्ता समितिको नामः शिव शक्ति तमु समाज भवन निर्माण उपभोक्ता समिति, पोखरा-१५, कास्की
योजना सम्झौता मिति : २०८१/०८/०६ गते
योजना सुरु मिति : २०८१/०८/०७ गते
योजना सम्पन्न हुने मिति : २०८१/१२/१५ गते
महानगरपालिका बाट : ५,००,०००/-
जनसहभागिता : १,४६, ११०/२४
योजनाको कुल लागत : ६,४६, ११०/२४

अनुगमन समिति
संयोजक :
वडा प्रतिनिधि बलराम पौडेल
सदस्यहरु:
सेतीमाया गुरुङ र ई. माधब कार्की

टेक बहादुर पुन
अध्यक्ष
शिव शक्ति तमु समाज भवन निर्माण उपभोक्ता समिति
पोखरा-१५, कास्की